नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. : म.बै./३२१/२४११

मितिः २०७८/७/११

श्री सचिव,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।

धानबालीमा भएको क्षतिको राहत उपलब्ध गराउने विषय म.प.बै.सं. ५२/०७८ मिति २०७८/७/११ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

नेपाल सरकारको निर्णय–

"हालैको बेमौसमी वर्षाबाट धान बालीमा पुगेको क्षतिको सम्बन्धमा कृषकलाई देहायबमोजिम राहत उपलब्ध गराउनेः

क. धान बालीमा पूर्णरूपमा क्षति पुगेको कृषकको हकमाः

अ. साना किसान (बढीमा १० कट्ठासम्म वा सो बराबर जग्गा भएको) भए सो जग्गामा उत्पादन हुने धानको परिमाणको आधारमा नेपाल सरकारबाट न्यूनतम समर्थन मूल्य कायम गर्दा निर्धारण गरेको उत्पादन लागत बराबरको रकमको ६५ प्रतिशतका दरले राहत उपलब्ध गराउने,

आ. मध्यम किसान (१० कट्ठादेखि ३ बिघासम्म वा सो बराबर जग्गा भएको) भए सो जग्गामा उत्पादन हुने धानको परिमाणको आधारमा नेपाल सरकारबाट न्यूनतम समर्थन मूल्य कायम गर्दा निर्धारण गरेको उत्पादन लागत बराबरको रकमको ३० प्रतिशतका दरले राहत उपलब्ध गराउने,

इ. ठूला किसान (३ बिघाभन्दा बढी वा सो बराबर जग्गा भएको) भए सो जग्गामा उत्पादन हुने धानको परिमाणको आधारमा नेपाल सरकारबाट न्यूनतम समर्थन मूल्य कायम गर्दा निर्धारण गरेको उत्पादन लागत बराबरको रकमको २० प्रतिशतका दरले राहत उपलब्ध गराउने,

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :



ख. धान बालीमा आंशिक क्षति पुगेको कृषकको हकमा सो जग्गामा उत्पादन हुने धानको परिमाणको आधारमा नेपाल सरकारबाट न्यूनतम समर्थन मूल्य कायम गर्दा निर्धारण गरेको उत्पादन लागत बराबरको रकमको २० प्रतिशतका दरले राहत उपलब्ध गराउने।

ग. खण्ड क र ख बमोजिम राहत वितरण सम्बन्धी कार्यविधि तयार गर्नको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (आर्थिक तथा पूर्वाधार) को संयोजकत्वमा अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, गृह मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय योजना आयोगका सहसचिव रहने कार्यदल गठन गर्ने। उक्त कार्यदलले ५ दिनभित्र राहत वितरणसम्बन्धी कार्यविधि बनाई स्वीकृतिका लागि पेश गर्ने।"

(शंकरदास बैरागी)
मुख्यसचिव

**बोधार्थ तथा कार्यार्थः**

श्री सचिव, अर्थ मन्त्रालय।
श्री सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (वाणिज्य)।
श्री सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय।
श्री सचिव, गृह मन्त्रालय।
श्री सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।
श्री सचिव, राष्ट्रिय योजना आयोग।

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. : म.बै./३२१ ८६३१

मितिः २०७८/८/२

श्री सचिव,
गृह मन्त्रालय।

बेमौसमी वर्षाबाट धान बालीमा पुगेको क्षतिको सम्बन्धमा कृषकलाई राहत उपलब्ध गराउने विषय म.प.बै.सं. ५४/०७८ मिति २०७८/८/२ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु-

<u>नेपाल सरकारको निर्णय-</u>

"हालैको बेमौसमी वर्षाबाट धान बालीमा पुगेको क्षतिको सम्बन्धमा कृषकलाई राहत उपलब्ध गराउने प्रयोजनार्थ राहत विवरण सम्बन्धी कार्यविधि तयार गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८/७/११ को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा गठित कार्यदलले पेश गरेको बाढी र डुवानका कारण धानबालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने कार्यविधि, २०७८ स्वीकृत गर्ने।"

(शंकरदास बैरागी)
मुख्यसचिव

**<u>बोधार्थ तथा कार्यार्थः</u>**

श्री सचिव, अर्थ मन्त्रालय।
श्री सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय।
श्री सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।
श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।

# बेमौसमी वर्षाको कारण धानबालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने मापदण्ड, २०७८

**प्रस्तावना:** संवत् २०७८ सालको वेमौसमी वर्षाको कारण आएको बाढी, पहिरो वा भएको डुबानबाट धानबालीमा क्षति पुगेका किसानलाई नेपाल सरकारले उपलब्ध गराउने राहत वितरण प्रकृयालाई सरल, पारदर्शी र व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

नेपाल सरकारले यो मापदण्ड बनाएको छ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "बेमौसमी वर्षाको कारण धानबालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने मापदण्ड, २०७८" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "अनुगमन समिति" भन्नाले दफा १४ बमोजिमको समिति सम्झनु पर्छ।

(ख) "आंशिक क्षति" भन्नाले बेमौसमी बर्षाको कारण आएको वाढी, पहिरो वा भएको डुबानवाट अपेक्षित उत्पादन परिमाणको तीस प्रतिशत भन्दा बढी र असी प्रतिशत भन्दा कम उत्पादन बीउ वा खाद्यान्नको रूपमा प्रयोग हुन नसक्ने गरी धानबालीमा पुगेको क्षति सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालय सम्झनु पर्छ।

(घ) "किसान" भन्नाले धानबालीमा क्षति पुगेका नेपाली किसान सम्झनु पर्छ।

(ङ) "धानबालीमा पुगेको क्षति" भन्नाले बेमौसमी वर्षाको कारण आएको बाढी, पहिरो वा डुबानबाट भएको किसानको धानबालीमा आंशिक रुपमा पुगेको क्षति वा पूर्ण रुपमा पुगेको क्षति सम्झनु पर्छ।

(च) "पूर्ण क्षति" भन्नाले बेमौसमी बर्षाको कारण आएको बाढी, पहिरो वा भएको डुबानवाट अपेक्षित उत्पादन परिमाणको असी प्रतिशत वा सोभन्दा बढी उत्पादन बीउ वा खाद्यान्नको रूपमा प्रयोग हुन नसक्ने गरी धानबालीमा पुगेको क्षति सम्झनु पर्छ।

(छ) "बेमौसमी वर्षा" भन्नाले संवत् २०७८ सालको असोज ३१ गते देखि कात्तिक ५ गतेसम्ममा नेपालको विभिन्न भागमा भएको वर्षा सम्झनु पर्छ।

(ज) "राहत रकम निर्धारण समिति" भन्नाले दफा १० बमोजिमको समिति सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको गृह मन्त्रालय सम्झनु पर्छ।

(ञ) "सिफारिस समिति" भन्नाले दफा ७ बमोजिमको समिति सम्झनु पर्छ।

३. **राहत प्रदान गर्ने:** (१) नेपाल सरकारले धानबालीमा क्षति पुगेको किसानलाई यस मापदण्ड बमोजिम राहत प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिम किसानलाई राहत प्रदान गर्दा धानको न्यूनतम समर्थन मूल्य कायम गर्ने प्रयोजनको लागि निर्धारण गरिएको औसत उत्पादन लागतमा देहायका दरले निर्धारण भएको अनुसूची-१ बमोजिम हुन आउने राहत रकम प्रदान गरिनेछ:-

(क) धानबालीमा पूर्ण रुपमा क्षति पुगेका साना किसानलाई उत्पादन लागतको पैंसट्ठी प्रतिशत,

(ख) धानबालीमा पूर्ण रुपमा क्षति पुगेका मध्यम किसानलाई उत्पादन लागतको तीस प्रतिशत,

(ग) धानबालीमा पूर्ण रुपमा क्षति पुगेका ठूला किसानलाई उत्पादन लागतको बीस प्रतिशत,

(घ) धानबालीमा आंशिक रुपमा क्षति पुगेका ठूला, मध्यम वा साना किसानलाई उत्पादन लागतको बीस प्रतिशत ।

**स्पष्टीकरण:** यस उपदफाको प्रयोजनको लागि,-

(क) "ठूला किसान" भन्नाले तीन विगाहभन्दा बढी जग्गा भएको किसान सम्झनु पर्छ र सो शब्दले सोही क्षेत्रफल बराबरको अर्काको जग्गामा खेती गर्ने किसानलाई समेत जनाउँछ ।

(ख) "मध्यम किसान" भन्नाले दश कठ्ठाभन्दा बढी र तीन विगाहसम्म जग्गा भएको किसान सम्झनु पर्छ र सो शब्दले सोही क्षेत्रफल बराबरको अर्काको जग्गामा खेती गर्ने किसानलाई समेत जनाउँछ ।

(ग) "साना किसान" भन्नाले दश कठ्ठासम्म जग्गा भएको किसान सम्झनु पर्छ र सो शब्दले सोही क्षेत्रफल बराबरको अर्काको जग्गामा खेती गर्ने किसानलाई समेत जनाउँछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस मापदण्ड बमोजिम उपलब्ध गराइने राहत रकम पचपन्न हजार रुपैयाँ भन्दा बढी हुने छैन ।

(४) एकभन्दा बढी किसानले संयुक्त रुपमा धान खेती गरेको भएमा यस मापदण्ड बमोजिमको रकम एक जना किसान कायम गरी कायम हुन आउने राहत रकम निजहरुले मन्जूर गरेको एकजना किसानलाई उपलब्ध गराइनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा यस मापदण्ड बमोजिम राहत उपलब्ध गराइने छैन:-

(क) सरकारी वा सार्वजनिक जग्गा अतिक्रमण गरी गरिएको धानबालीमा क्षति पुगेकोमा त्यस्तो क्षतिको लागि,

तर अव्यवस्थित वसोबासीको हकमा निजको नेपालभर अन्यत्र कतै पनि खेतीयोग्य जग्गा नभएको र क्षति भएको धानवाली नै जीवन निर्वाहको आधार भएको प्रमाणित भएमा यस मापदण्ड बमोजिम राहत दिन बाधा पर्ने छैन ।

(ख) क्षति भएको धानबालीको बीमा गरिएको भएमा त्यस्तो धानबालीमा पुगेको क्षतिको लागि, र

(ग) बेमौसमी बर्षाको कारण धानबालीमा पुगेको क्षति वापत नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट एक पटक राहत क्षतिपूर्ति वा सुविधा प्राप्त गरिसकेको भएमा ।

तर प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त राहत वा क्षतिपूर्ति वापतको रकम यस मापदण्ड बमोजिम प्रदान गरिने राहत रकमभन्दा कम भएको अवस्थामा नपुग रकम उपलब्ध गराउन बाधा पर्ने छैन ।

४. **धानबालीमा पुगेको क्षतिको लगत अद्यावधिक गर्ने:** (१) स्थानीय तहले यो मापदण्ड प्रारम्भ हुनु अगावै जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, स्थानीय तह वा अन्य निकायले संकलन गरेको बेमौसमी वर्षाको कारण धानबालीमा पुगेको क्षतिको विवरण समेतको आधारमा आफ्नो स्थानीय तहमा धानबालीमा पुगेको क्षतिको यथार्थ लगत वडागत रुपमा तयार गर्नु पर्नेछ ।

(२) स्थानीय तहले उपदफा (१) बमोजिम वडागत लगत तयार भएपछि सम्बन्धित वडा कार्यालयमा सार्वजनिक रुपमा सूचना प्रकाशन गरी उपदफा (१) बमोजिमको लगतमा समावेश भएका वा वेमौसमी बर्षाबाट धानबालीमा क्षति पुगेका किसानबाट देहायका कागजात तथा विवरण माग गर्नेछ:–

(क) आफ्नै जग्गामा धानबाली खेती गरेको भएमा त्यस्तो जग्गाको कित्ता नं. र क्षेत्रफल खुल्ने गरी जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि,

(ख) अरु कसैको जग्गामा त्यस्तो जग्गाको जग्गाधनीसँग आपसी समझदारी वा करार गरी धान खेती गरिएको भए त्यस्तो धानबाली लगाइएको जग्गाको कित्ता नं र क्षेत्रफल खुल्ने गरी जग्गाधनी प्रमाणपूर्जा र जग्गा धनी वा किसानका बीचमा भएको करार सम्झौताको प्रतिलिपि वा जग्गाधनीले गरिदिएको कागज,

(ग) खण्ड (ख) बमोजिमको कागजात पेश हुन नसक्ने भएमा किसानले धान खेती गरेको जग्गाको चार किल्ला सहितको जग्गाको क्षेत्रफल र उपलब्ध भएसम्म जग्गाको कित्ता नम्बर खुलाई एक जना वडा सदस्य र धानबाली खेती गरेको

जग्गा रहेको स्थानबाट नजिकका कम्तीमा तीन जना किसानको सनाखत सहित सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

(घ) किसानको धानबालीको क्षतिको विवरण,

(ङ) किसानको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, र

(च) किसानको बैंक खाताको विवरण ।

(३) कुनै किसानको उपदफा (१) बमोजिमको लगतमा नाम समावेश नभएको तर बैमौसमी वर्षाको कारण क्षति पुगेको भए त्यसरी क्षति पुगेको पुष्टि हुने प्रमाण र सम्बन्धित वडाको सिफारिस समेत समावेश गरी निवेदन दिनु पर्नेछ ।

(४) स्थानीय तहले उपदफा (१) बमोजिमको लगत तथा धानबालीमा क्षति पुगेका किसानबाट उपदफा (२) बमोजिम माग गरिएको कागजात तथा विवरण समेतको आधारमा आफ्नो स्थानीय तहमा धानबालीमा क्षति पुगेका किसानहरूको वडागत अन्तिम अध्यावधिक लगत विवरण अनुसूची-२ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

(५) कुनै किसानको एकै स्थानीय तहको एकभन्दा बढी वडामा रहेको जग्गामा गरेको धानबालीमा क्षति पुगेकोमा यस दफा बमोजिम क्षतिको लगत तयार गर्दा बढी क्षति भएको वडामा समावेश गर्ने गरी अद्यावधिक रुपमा लगत तयार गर्नु पर्नेछ ।

(६) स्थानीय तहले उपदफा (५) बमोजिम तयार भएको अद्यावधिक लगत सम्बन्धित वडा कार्यालयमा सूचना प्रकाशन गरी सार्वजनिक गर्नु पर्नेछ ।

५. **<u>धानबालीमा क्षति पुगेका किसानको वडागत लगत विवरण प्रकाशन गर्नेः</u>** (१) दफा ४ को उपदफा (६) बमोजिम सार्वजनिक भएको वडागत लगतमा यस मापदण्ड बमोजिम पाउनु पर्नेभन्दा बढी राहत पाउने उद्देश्यले क्षेत्रफल फरक पारेको, धानबालीमा पुगेको क्षतिको विवरण यथार्थ भन्दा बढी उल्लेख भएको वा जग्गाको स्वामित्व रहेको क्षेत्रफल तथा अन्य विवरण फरक परेको जस्ता विषयमा कसैको उजुरी भएमा सो सम्बन्धी जानकारी पाउने जो कसैले पनि सूची प्रकाशन भएको मितिले सात दिनभित्र आधार र प्रमाण सहित वडा कार्यालयमा उजुरी दिने प्रयोजनको लागि सम्बन्धित वडा कार्यालयमा त्यस्तो विवरण प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको अवधिभित्र कुनै उजुरी परेमा वडा कार्यालयले त्यस्तो उजुरी कारबाहीका लागि स्थानीय कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त उजुरीका सम्बन्धमा सम्बन्धित स्थानीय कार्यपालिकाको कार्यालयले जाँचबुझ गर्नु पर्नेछ। त्यसरी जाँचबुझ गर्दा कसैको विवरण सच्याउनु पर्ने भए सच्याउने र झुठ्ठा वा यथार्थभन्दा फरक विवरण भएको पाइएमा त्यस्तो किसानको नाम राहत पाउने सूचीबाट हटाइ उपदफा (१) बमोजिम उजुरी दिने अवधि समाप्त भएको मितिले सात दिनभित्र धानबालीमा क्षति पुगेका किसानको वडागत रुपमा अन्तिम अद्यावधिक लगत तयार गर्नु पर्नेछ ।

६. **सिफारिस समितिमा विवरण पेश गर्ने:** दफा ५ बमोजिम तयार गरिएको अन्तिम अद्यावधिक लगतको आधारमा स्थानीय कार्यपालिकाको कार्यालयले धानवालीमा क्षति भएका किसानको वडागत विवरण सिफारिस समितिमा पेश गर्नु पर्नेछ ।

७. **सिफारिस समितिः** धानबालीमा क्षति पुगेका किसानको क्षतिको विवरण संकलन गर्न गराउन तथा क्षतिको लगत तयार गरी राहतको लागि स्थानीय विपद् व्यवस्थापन समितिमा सिफारिस गर्न प्रत्येक स्थानीय तहमा देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

(क) सम्बन्धित स्थानीय तहको प्रमुख/ अध्यक्ष वा उप प्रमुख/उपाध्यक्ष -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) सम्बन्धित वडाको वडाध्यक्ष -सदस्य

(घ) सम्बन्धित स्थानीय तहको कृषि शाखाको प्रमुख -सदस्य

८. **सिफारिस समितिको काम, कर्तव्य र अधिकारः** (१) सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पेश भएका विवरण उपर आवश्यक जाँचबुझ गरी स्थानीय तहले यो मापदण्ड प्रारम्भ हुनु अगावै धानबालीमा पुगेको क्षतिको लगत संकलन गरेको भए त्यस्तो लगत, नजिकको प्रहरी कार्यालयवाट क्षतिको लगत सङ्कलन गरिएको भए त्यस्तो लगत तथा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले संकलन गरेको लगत र दफा ४ को उपदफा (२) बमोजिम किसानले पेश गरेको विवरण कागजात समेतको आधारमा धानबालीमा क्षति पुगेका किसानहरूको वडागत लगत विवरण अनुसूची-३ बमोजिमको ढाँचामा स्वीकृत गर्ने,

(ख) खण्ड (क) बमोजिम स्वीकृत लगतको आधारमा राहत रकम निर्धारणको लागि राहत निर्धारण समितिमा सिफारिस गर्ने ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको सिफारिस सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गरी राहत निर्धारण समितिमा पठाउनेछ ।

९. **औसत उत्पादनको आधारमा क्षतिको आँकलन गर्ने:** (१) स्थानीय तहले आफ्नो स्थानीय तहमा धानवालीमा पुगेको क्षतिको आँकलन गर्दा सो स्थानीय तह रहेको जिल्लाको औसत उत्पादनको आधारमा धानवालीमा पुगेको क्षतिको आँकलन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम क्षतिको आँकलन गरी विवरण तयार गर्ने प्रयोजनको लागि नेपालका धानवाली हुने जिल्लाको औसत उत्पादन दर प्रति कट्ठा अनुसूची-४ मा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **राहत रकम निर्धारण समितिः** (१) यस मापदण्ड बमोजिम किसानलाई प्रदान गरिने राहत रकम निर्धारण गरी स्वीकृत गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको राहत रकम निर्धारण समिति रहनेछः-

(क) सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको कम्तीमा राजपत्रांकित द्वितीय श्रेणीको अधिकृत -संयोजक

(ख) जिल्लाको कृषि ज्ञान केन्द्र प्रमुख वा त्यस्तो केन्द्र नरहेको जिल्लाको हकमा कृषि हेर्ने सम्बन्धित कार्यालयको प्रमुख -सदस्य

(ग) सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख -सदस्य

(घ) राहत रकम वितरण गरिने किसान रहेको सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(२) राहत रकम निर्धारण समितिको सचिवालयको काम जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालयले गर्नेछ ।

११. **राहत रकम निर्धारण समितिको काम, कर्तव्य र अधिकारः** राहत रकम निर्धारण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सिफारिस समितिबाट राहत रकम निर्धारणको लागि पेश भएका विवरण जाँचबुझ गरी यस मापदण्ड बमोजिम राहत रकम निर्धारणको लागि आवश्यक कागजात तथा विवरण संलग्न भए नभएको यकिन गर्ने,

(ख) सिफारिस समितिबाट प्राप्त विवरण, धानवालीमा पुगेको क्षति तथा क्षतिको आधारमा राहत रकम निर्धारणको लागि गरिएको सिफारिस यस मापदण्ड बमोजिम भए नभएको जाँच गरी धानको न्यूनतम समर्थन मूल्य कायम गर्ने प्रयोजनको लागि औसत उत्पादन लागत मूल्य प्रति क्विण्टल दुई हजार तीन सय चार रुपैयाको आधारमा दफा ३ को अधीनमा रही अनुसूची-१ बमोजिम हिसाब गरी किसानले पाउने राहत रकम निर्धारण गरी स्वीकृत गर्ने,

(ग) राहत रकम भुक्तानीको लागि किसानको बैंक खाता लगायतको विवरण भिडान गर्ने,

(घ) कुनै किसानको जिल्लाको एकभन्दा बढी स्थानीय तहमा भएको जग्गामा लगाएको धानवालीमा पुगेको क्षतिको लागि राहत दिनु पर्ने भएमा यस मापदण्ड बमोजिम पाउने अधिकतम राहत रकमको सीमाभन्दा बढी नहुने गरी एकमुष्ट राहत रकम स्वीकृत गर्ने,

(ङ) राहत रकम प्रदान गर्न रकम स्वीकृत गरिएका किसानको विवरण, बैंक खाता, भुक्तानीको लागि स्वीकृत रकम लगायतका अन्य आवश्यक विवरण तयार गरी मन्त्रालय र सम्बन्धित प्रदेशको कृषि विषय हेर्ने मन्त्रालयमा पठाउने।

१२. **राहत रकम भुक्तानीको लागि कार्यालयमा पठाउनेः** दफा १० बमोजिम राहत रकम निर्धारण समितिबाट किसानले पाउने राहत रकम स्वीकृत भएपछि जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालयले राहत रकम स्वीकृत भएको किसानको नाम, थर ठेगाना, धानबालीमा पुगेको क्षतिको विवरण, स्वीकृत राहत रकम र बैंक खाताको विवरण सहित राहत रकम भुक्तानिको लागि कार्यालयमा पठाउनेछ ।

१३. **राहत रकम किसानको बैंक खाता मार्फत भुक्तानी गरिनेः** (१) दफा १२ बमोजिम प्राप्त विवरणको आधारमा कार्यालयले सम्बन्धित किसानको बैंक खातामा राहत रकम जम्मा गरिदिनु पर्नेछ।

(२) कार्यालयले उपदफा (१) बमोजिम बैंक खातामा जम्मा गरिएको र वितरण गर्न बाँकी रहेको रकमको विवरण प्रत्येक महिना समाप्त भएको मितिले पन्ध्र दिनभित्र मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

(३) कार्यालयले किसानलाई वितरण गरेको राहतको एकीकृत विवरण तयार गरी महालेखा नियन्त्रकको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

१४. **अनुगमन समितिः** यस मापदण्ड बमोजिम प्रदान गरिने राहत रकम सहज रुपमा प्रदान भए नभएको अनुगमन गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको अनुगमन समिति रहनेछः-

(क) सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको प्रमुख -संयोजक

(ख) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी -सदस्य

(ग) राहत वितरण गरिने सम्बन्धित स्थानीय तहको प्रमुख -सदस्य

१५. **अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस मापदण्ड बमोजिम किसानलाई राहत वितरण गर्ने सम्बन्धमा नेपाल सरकारबाट भएका निर्णयहरू कार्यान्वयन भए नभएको अनुगमन गर्ने, गराउने,

(ख) यस मापदण्ड बमोजिम किसानलाई राहत वितरण कार्यका लागि आवश्यक सहजीकरण गर्ने,

(ग) यस मापदण्ड बमोजिम किसानलाई राहत वितरणका क्रममा उत्पन्न भएका गुनासोहरू व्यवस्थापन गर्ने,

(घ) सम्बन्धित किसानहरूले राहत रकम प्राप्त गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) राहत रकम निर्धारण समितिलाई आवश्यक सुझाव तथा निर्देशन दिने,

(च) किसानलाई राहत सिफारिस तथा निर्धारणको सम्बन्धमा भए गरेका काम कारबाहीको अनुगमन गरी कुनै कमी कमजोरी वा त्रुटि देखिएमा सुधारको लागि सिफारिस गर्ने, र

(छ) बैंक खाता नरहेका किसानको हकमा शुन्य मौज्दातमा खाता खोल्नको लागि आवश्यक सहजीकरण गर्ने ।

१६. **राहत रकम निर्धारणः** धान बालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउन आवश्यक रकमको व्यवस्था मन्त्रालयको समन्वयमा अर्थ मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

१७. **कारबाही हुनेः** (१) गलत वा भ्रमपूर्ण विवरण पेश गरी वा त्यस्तो विवरण सिफारिस गरी यस मापदण्ड बमोजिम राहत रकम लिएको प्रमाणित भएमा त्यसरी राहत लिएको रकम सम्बन्धित किसानबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(२) झुठ्ठा वा भ्रमपूर्ण विवरण पेश गरी राहत रकम लिने तथा त्यस्तो विवरण सिफारिस गर्ने लाई समेत प्रचलित कानून बमोजिम कारबाही चलाइनेछ ।

१८. **आवश्यक व्यवस्था मिलाउन सक्नेः** यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मापदण्डको भावनाको प्रतिकूल नहुने गरी मन्त्रालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

१९. **मापदण्ड वहाल रहने अवधिः** यो मापदण्ड संवत् २०७९ साल असार मसान्तसम्म वहाल रहनेछ।

अनुसूची-१

(दफा ३ को उपदफा (२) र दफा ११ को खण्ड (ख) सँग सम्बन्धित)

## धानबालीमा पुगेको क्षतिवापत पाउने राहत रकम निर्धारण गर्ने तरिका

| क्र.सं. | क्षतिको किसिम | किसानको वर्गीकरण | राहत रकमको निर्धारण |
|---|---|---|---|
| १ | धानबालीको पूर्ण रुपमा क्षति | साना किसान | क्षति पुगेको जम्मा क्षेत्रफल (कट्ठा) **X** अनुसूची ४ मा निर्धारण गरिएको सम्बन्धित जिल्लाको औसत उत्पादन क्विन्टल प्रति कट्ठा **X** औसत उत्पादन लागत रु २३०४ प्रति क्विन्टल **X ०.६५** बाट आउने रकम |
| | | मध्यम किसान | क्षति पुगेको जम्मा क्षेत्रफल (कट्ठा) **X** अनुसूची ४ मा निर्धारण गरिएको सम्बन्धित जिल्लाको औसत उत्पादन क्विन्टल प्रति कट्ठा **X** औसत उत्पादन लागत रु २३०४ प्रति क्विन्टल **X ०.३०** बाट आउने रकम |
| | | ठूला किसान | क्षति पुगेको जम्मा क्षेत्रफल (कट्ठा) **X** अनुसूची ४ मा निर्धारण गरिएको सम्बन्धित जिल्लाको औसत उत्पादन क्विन्टल प्रति कट्ठा **X** औसत उत्पादन लागत रु २३०४ प्रति क्विन्टल **X ०.२०** बाट आउने रकम |
| २ | धानबालीको आंशिक रुपमा क्षति | साना मध्यम र ठूला किसान | क्षति पुगेको जम्मा क्षेत्रफल (कट्ठा) **X** अनुसूची ४ मा निर्धारण गरिएको सम्बन्धित जिल्लाको औसत उत्पादन क्विन्टल प्रति कट्ठा **X** औसत उत्पादन लागत रु २३०४ प्रति क्विन्टल **X ०.२०** बाट आउने रकम |

**उदाहरणार्थ:** कैलाली जिल्लाको कुनै स्थानीय तहको दश कट्ठा जमिन भएको वा सोही बराबरको जग्गामा धान वाली लगाएको किसानको ३ कट्ठाको धानबाली पूर्ण रुपले क्षति भएको अवस्थामा निजले पाउने राहत रकम देहाय बमोजिम हुन आउँछ:–

(क) किसानको धानवालीमा क्षति पुगेको जम्मा क्षेत्रफल = ३ कट्ठा

(ख) अनुसूची-४ मा निर्धारण गरिएको कैलाली जिल्लाको औसत उत्पादन क्विन्टल प्रति कट्ठा = १.४२

(ग) औसत उत्पादन लागत रु प्रति क्विन्टल = रु २३०४

(घ) पूर्ण रुपमा क्षति पुगेका साना किसानले उत्पादन लागतको पैंसट्ठी प्रतिशतका दरले पाउने राहत = ०.६५

(ङ) ३ कट्ठाको धानबालीमा पूर्ण रुपले क्षति पुगेको साना किसानले पाउने राहत रकम =

(क)**X**(ख)**X**(ग)**X**(घ) बाट आउने रकम **अर्थात ३X१.४२X२३०४X०.६५= रु ६३७९.७८**

अनुसूची-२

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

## धानबालीमा पुगेको क्षतिको वडागत लगत विवरणको ढाँचा

................महानगर/उपमहानगर/नगर/गाँउपालिका

वडा नं...........

### धानबालीमा क्षति पुगेका किसानहरूको वडागत लगत विवरण

| क.सं. | किसानको नाम थर र नागरिकता नं | वडा नं र बसोबास गरेको टोल | किसानको जग्गाको कुल क्षेत्रफल (कठ्ठा) | खेती गरेको जग्गाको स्वामित्व सम्बन्धी विवरण | | | धान खेती गरेको जग्गाको क्षेत्रफल (कठ्ठा) | धान खेती गरेको जग्गाको कित्ता नं. | धान खेती गरेको मध्ये धान खेती क्षति भएको क्षेत्रफल (कठ्ठा) | कसरी क्षति भएकोहो खुलाउने | | | | क्षतिको किसिम (पूर्ण वा आंशिक) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आफ्नो जग्गामा | अरुको जग्गामा करारमा | अरुको जग्गामा सहमतिमा | | | | काटेको धान डुवानमा परी | धान ढलेर डुवानमा परी | बाढीले बगाएर | पहिरोले पुरेर वा बगाएर | | |
| १ | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | |

**द्रष्टव्यः** जग्गाको क्षेत्रफल रोपनी वा हेक्टर उल्लेख भएमा त्यसलाइ कठ्ठामा रुपान्तरण गरी उल्लेख गर्नुपर्नेछ

**लगत विवरण संकलन गर्नेको**

नाम थर ......

दस्तखत ......

पद ......

मिति ......

**लगत विवरण जाँच गर्नेको**

नाम थर ......

दस्तखत ......

पद ......

मिति ......

अनुसूची-३

(दफा ८ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

## धानबालीमा पुगेको क्षतिको वडागत लगत विवरणको ढाँचा

.................महानगर/उपमहानगर/नगर/गाउँपालिका

### सिफारिस समिति

### धानबालीमा क्षति पुगेका किसानहरूको स्वीकृत लगत विवरण

| क.सं. | किसानको नाम थर र नागरिकता नं | वडा नं र बसोबास गरेको टोल | किसानको जग्गाको कुल क्षेत्रफल (कठ्ठा) | खेती गरेको जग्गाको स्वामित्व सम्बन्धी विवरण | | | धान खेती गरेको जग्गाको क्षेत्रफल(कठ्ठा) | धान खेती क्षति भएको क्षेत्रफल (कठ्ठा) | कसरी क्षति पुगेको हो खुलाउने | | | | क्षतिको किसिम (पूर्ण वा आंशिक) | किसानको वर्ग | | | बैंक खाता नं/बैंकको नाम, शाखा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आफ्नो जग्गामा | अरुको जग्गामा करारमा | अरुको जग्गामा सहमतिमा | | | काटेको धान डुबानमा परी | धान ढलेर डुबानमा परी | बाढीले बगाएर | पहिरोले पूरेर वा बगाएर | | ठुला | मध्यम | साना | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

**द्रष्टव्यः** जग्गाको क्षेत्रफल रोपनी वा हेक्टर उल्लेख भएमा त्यसलाई कठ्ठामा रुपान्तरण गरी उल्लेख गर्नु पर्नेछ।

**सिफारिस समितिका पदाधिकारीहरुको नाम र दस्तखतः-**

१. संयोजक श्री ............ २. सदस्य श्री ............

३. सदस्य श्री ............ ४. सदस्य श्री ............

**द्रष्टव्यः** यस लगत विवरणमा नाम समावेश भएका किसानको देहायका कागजात तथा विवरण लगतको क्रम संख्या बमोजिम मिलान गरी संलग्न गर्नु पर्नेछ :-

(क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ख) धानबाली खेती गरेको जग्गाको कित्ता नं. र क्षेत्रफल खुल्ने गरी जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि,

(ग) अरु कसैको जग्गामा समझदारी वा करार गरी धान खेती गरिएको भए त्यस्तो धानबाली लगाइएको जग्गाको कित्ता नं र क्षेत्रफल खुल्ने गरी जग्गाधनी प्रमाणपूर्जा र जग्गा धनी वा किसानका बीचमा भएको करार सम्झौताको प्रतिलिपि वा जग्गाधनीले गरिदिएको कागज,

(घ) खण्ड (ग) बमोजिमको कागजात पेश हुन नसक्ने भएमा किसानले धान खेती गरेको जग्गाको चार किल्ला सहितको जग्गाको क्षेत्रफल र उपलब्ध भएसम्म जग्गाको कित्ता नम्बर खुलाई एक जना वडा सदस्य र धानबाली खेती गरेको जग्गा रहेको स्थानबाट नजिकका कम्तीमा तीन जना किसानको सनाखत सहित सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

(ङ) किसानको बैंक खाता पुष्टि गर्ने चेक बुकको प्रतिलिपि

अनुसूची-४

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

**धानबाली हुने विभिन्न जिल्लाको प्रति कठ्ठा औसत उत्पादन दर**

| क्र.सं. | जिल्ला | उत्पादन क्विन्टल/कठ्ठा |
|---|---|---|
| १ | ताप्लेजुङ्ग | ०.८५ |
| २ | सङ्खुवासभा | ०.८३ |
| ३ | सोलुखुम्बु | ०.९० |
| ४ | पाँचथर | ०.७३ |
| ५ | ईलाम | १.०१ |
| ६ | भोजपुर | ०.७७ |
| ७ | तेह्रथुम | ०.८९ |
| ८ | धनकुटा | १.०२ |
| ९ | उदयपुर | १.२८ |
| १० | ओखलढुङ्गा | ०.८८ |
| ११ | खोटाङ्ग | ०.८५ |
| १२ | झापा | १.४० |
| १३ | मोरङ्ग | १.३७ |
| १४ | सुनसरी | १.३१ |
| १५ | सप्तरी | १.१८ |
| १६ | सिराहा | १.१६ |
| १७ | धनुषा | १.३१ |
| १८ | महोतरी | १.११ |
| १९ | सर्लाही | १.२० |
| २० | रौतहट | १.१४ |
| २१ | बारा | १.२९ |
| २२ | पर्सा | १.३७ |
| २३ | मकवानपुर | १.२३ |
| २४ | चितवन | १.३० |
| २५ | धादिङ्ग | १.४७ |
| २६ | नुवाकोट | १.४४ |
| २७ | काभ्रे | १.२६ |
| २८ | सिन्धुपाल्चोक | ०.८० |
| २९ | रामेछाप | १.०४ |
| ३० | दोलखा | ०.९६ |
| ३१ | सिन्धुली | १.२४ |

| क्र.सं. | जिल्ला | उत्पादन क्विन्टल/कठ्ठा |
|---|---|---|
| ३२ | रसुवा | १.०९ |
| ३३ | काठमाडौं | १.४८ |
| ३४ | ललितपुर | १.४८ |
| ३५ | भक्तपुर | १.६७ |
| ३६ | स्याङ्गजा | १.३८ |
| ३७ | पर्वत | १.०४ |
| ३८ | कास्की | १.२७ |
| ३९ | गोरखा | १.१३ |
| ४० | लमजुङ्ग | १.१४ |
| ४१ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | १.३३ |
| ४२ | तनहुँ | १.२७ |
| ४३ | म्याग्दी | १.१२ |
| ४४ | बाग्लुङ्ग | १.१४ |
| ४५ | अर्घाखाची | १.०८ |
| ४६ | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | १.४२ |
| ४७ | रुपन्देही | १.३८ |
| ४८ | कपिलबस्तु | १.१७ |
| ४९ | दाङ्ग | १.४० |
| ५० | बाँके | १.१५ |
| ५१ | बर्दिया | १.४३ |
| ५२ | रुकुम पुर्ब | ०.८८ |
| ५३ | प्यूठान | १.२८ |
| ५४ | रोल्पा | १.०७ |
| ५५ | पाल्पा | १.३९ |
| ५६ | गुल्मी | १.०८ |
| ५७ | सुर्खेत | १.३८ |
| ५८ | दैलेख | १.०७ |
| ५९ | कालीकोट | ०.८० |
| ६० | मुगु | ०.४७ |
| ६१ | जुम्ला | ०.६९ |
| ६२ | हुम्ला | ०.५६ |
| ६३ | सल्यान | १.३५ |
| ६४ | रुकुम (पश्चिम भाग) | ०.९० |
| ६५ | जाजरकोट | १.१८ |
| ६६ | डोल्पा | ०.६० |
| ६७ | कैलाली | १.४२ |

| क्र.सं. | जिल्ला | उत्पादन क्विन्टल/कठ्ठा |
|---|---|---|
| ६८ | कञ्चनपुर | १.२९ |
| ६९ | डडेल्धुरा | १.२६ |
| ७० | डोटी | ०.९३ |
| ७१ | अछाम | ०.७० |
| ७२ | बाजुरा | ०.८३ |
| ७३ | बैतडी | ०.७१ |
| ७४ | बझाङ | १.१३ |
| ७५ | दार्चुला | ०.८४ |